# ख्रीष्टियान आराधना



Christian Worship
CL 4240
Nepali

# ख्रीष्टियान आराधना

***Christian Worship***

लेखकः जुडी बार्टेल

अनुवादकः बाल कृष्ण शर्मा

---

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाडौं नेपाल

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २,०००

Published by:
ICI University
P. O. Box 4245
Kathmandu, Nepal

Christian Worship
First Edition 1998

# विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| | आउनुहोस् सबैभन्दा पहिले कुराकानी गरौं | ५ |
| १. | आराधना– आत्मिक रत्न | १० |
| २. | परमेश्वर मात्र योग्य हुनुहुन्छ | २४ |
| ३. | प्रार्थनामा आराधना | ३८ |
| ४. | सेवामा आराधना | ५४ |
| ५. | सङ्गीतमा आराधना | ६६ |
| ६. | आराधनाको लागि निर्देशन | ८२ |
| ७. | आराधनाको अभ्यास | १०० |
| ८. | आराधना– अहिले र सदासर्वदा | ११४ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन-सहयोगी लेखकका तर्फबाट दुइ शब्द**

तपाईंले ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा ग्रहण गर्नुभएपछि तपाईं परमेश्वरका परिवारमा जन्मनुभयो। तपाईंका सट्टामा मर्नका लागि येशू पठाउनुभएर परमेश्वरले तपाईंलाई आफ्नो प्रेम प्रकट गरिसक्नुभएको छ। तपाईंका प्रार्थनाहरूको उत्तर दिएर र तपाईंका आवश्यकताहरूलाई पूरा गरेर उहाँले तपाईंलाई आफ्नो प्रेम निरन्तर रूपमा देखाइरहनुभएको छ।

उहाँले तपाईंलाई दिनुभएका कुराहरू ग्रहण गरेर र उहाँका धेरै आशिष्हरूका निम्ति उहाँलाई धन्यवाद दिएर तपाईंले पनि प्रतिउत्तर जनाउनुभएको छ। तर अझ धेरै गर्नका लागि तपाईंको हृदय उत्साहित भएको छ। तपाईं आफ्नो प्रेमलाई अझै प्रकट गर्न चाहनुहुन्छ। तपाईं ख्रीष्टियान जीवनमा वृद्धि हुँदै जानुहुँदा प्रभुलाई आराधना गर्ने तपाईंको इच्छा पनि वृद्धि हुन्छ, अनि त्यो इच्छा पूरा हुनैपर्छ।

त्यो चाहनाचाहिँ एकतर्फी छैन, किनकि हामीसँग सङ्गति र कुराकानी गर्नका लागि परमेश्वरको पनि ठूलो चाहना छ। उहाँका सन्तानको प्रतिउत्तरको निम्ति उहाँ पर्खिरहनुभएको छ। उहाँले हाम्रो आराधनाको चाहना गर्नुहुन्छ र हामीले पनि अरू कुनै तरीकाद्वारा प्राप्त गर्न नसक्ने तृप्तिलाई आराधना र प्रशंसामा पूरा भएको महसूस गर्छौं।

हाम्रो प्रशंसाले लाभ र आशिष्का भण्डारहरू खोलिदिन्छ, जुन कुरा हामीले अनुभव गरेको र अरूहरूसँग बाँड़ेको परमेश्वर चाहनुहुन्छ। यस अध्ययन पाठ्यपुस्तकले तपाईंको व्यक्तिगत भक्तिमा मात्र सहायता नपुऱ्याई, समूहसँग तपाईंले बाँड्चूँड् गर्दा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ। आधुनिक स्वयम्-शिक्षण प्रणालीले सिद्धान्तहरू सजिलैसँग सिक्न र तुरुन्तै व्यवहारमा प्रयोग गर्नको लागि तपाईंलाई सहायता गर्छ।

*ख्रीष्टियान आराधना* भनिने यो पुस्तक पकेट साइजको भएको हुनाले तपाईं जहाँ जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सदको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्टयाउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य *उद्देश्यहरू* दिइएका छन्। *उद्देश्य* शब्दले यस पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी *उद्देश्यहरूलाई* आफ्नो मनमा राख्नुभयो भने, अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस्, र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहयोगी पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहयोगीमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

**ठीक उत्तर** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

१ बाइबलमा कतिओटा पुस्तकहरू छन्?

क. १०० पुस्तकहरू
ख. ६६ पुस्तकहरू
ग. २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ *६६-ओटा पुस्तकहरू हो।* यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहयोगी पुस्तिकामा ख-को वरिपरि घेरा लगाउनुहोस्।

१ बाइबलमा कतिओटा पुस्तकहरू छन्?

क. १०० पुस्तकहरू
(ख.) ६६ पुस्तकहरू
ग. २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

**ठीक-बेठीक** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ।

**ठीक-बेठीक प्रश्नको उदाहरण**

**२** तल दिइएका कुन-कुन बयानहरू ठीक छन्?

**क** बाइबलमा जम्मा १२०-ओटा पुस्तकहरू छन्।

**ख** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

**ग** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

**घ** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख**. र **घ**. ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोड़ा मिलाउने** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| ..१..**क** | सीनै पर्वतमा व्यवस्था पाएका | १. मोशा |
| ..२..**ख** | इस्राएलीहरूलाई यर्दन नदी पार गराएका | २. यहोशू |
| ..२..**ग** | यरिहो शहरको वरिपरि घुमेका | |
| ..१..**घ** | फारो राजाको दरबारमा बसेका | |

**क.** र **घ.**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले १. संख्या, **क.** र **घ.**-को अगाडि र २. संख्या **ख.** र **ग.**-को अगाडि लेख्न सक्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन प्रश्न-पुस्तिका* भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहयोगी पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

## लेखकको बारेमा

जुडी बार्टेलले कोलम्बियामा १९७१-देखि काम गर्दै आउनुभएको छ। कोलम्बियामा भएको बाइबल स्कूलमा उहाँले शिक्षिका र प्रशासिकाको रूपमा काम गर्नुभएको छ। उहाँले विभिन्न कलेज र विश्वविद्यालयबाट विभिन्न विषयहरू अध्ययन गरी उपाधि प्राप्त गर्नुभएको छ।

अब तपाईं पाठ १ शुरू गर्नका लागि तयारी हुनुभएको छ। तपाईंको अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिऊन्।